'स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ'

टोल फि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हातीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/८४

सूचना नं.36

तरकारीको पकेट विकास कार्यक्रम माग सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०८/०७

बुढानीलकण्ठ नगरपालिका,कृषि विकास शाखाबाट आ.व.२०८३/०८४मा संघिय सरकार सशर्त अनुदान तर्फको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) **तरकारीको पकेट विकास कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले यस नगरपालिका क्षेत्रभित्रका तरकारी खेती गर्ने इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फार्महरुले आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (मिति २०८३/०९/०७ गते) सम्म कार्यालय समयभित्र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन म्यानुअलको **अनुसूची-६** अनुसारको आवेदन तथा **अनुसूची-७** अनुसारको आधारभूत तथ्याङ्क फारम भरी यस कार्यालयको कृषि विकास शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचनाद्वारा जानकारी गराइन्छ।

पकेट कार्यक्रम सञ्चालनका लागि न्यूनतम मापदण्डहरुः

क्र.सं.	बाली	एकाइ	न्यूनतम क्षेत्रफल **प्लाष्टिक टनेलभित्र**	न्यूनतम क्षेत्रफल **खुल्ला क्षेत्रमा**
१.	तरकारी	रोपनी	२० रोपनी	१४० रोपनी

<u>निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

- कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फार्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
- कार्यक्रम संचालन हुने स्थान(जग्गा)को लालपुर्जाको प्रतिलिपि।
- भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
- कृषक समूह/कृषि सहकारी/समिति/कृषि फार्मको पकेट कार्यक्रम मागको निर्णयको प्रतिलिपि।
- वडा कार्यालयको सिफारिस पत्र।
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- निवेदकको नागरिकताको प्रतिलिपि।
- अनुसूची-६ अनुसारको निवेदन तथा अनुसूची-७ अनुसारको विवरण।

२०८३/०८/०६

केदार कुमार खड्का
आर्थिक विकास महाशाखा

थप जानकारीका लागि कृषि विकास शाखा (सम्पर्क नं.९८४६०९८७९०) लाई सम्पर्क गर्नुहुन सकिनेछ।